# स्थानीय विकास तथा विकेन्द्रीकरण, समावेशी विकास र सुशासन

डा. चैतन्य सुव्वा
सदस्य, रा.यो.आ.

# स्थिति

## स्थानीय विकास र विकेन्द्रीकरण

- ५२ जिल्लामा आवधिक जिल्ला विकास योजना तर्जुमा भएको र ७४ जिल्लामा जिल्ला यातायात गुरुयोजना तर्जुमा भएका छन् ।
- विषयगत निक्षेपणतर्फ २२६३ प्राथमिक विद्यालय र १४१७ प्राथमिक स्थास्थ्य संस्थाहरु स्थानीयस्तरमा हस्तान्तरण गरिएका छन् भने ८४३ वटा झोलुंगे पुलहरु निर्माण भएका छन् ।
- पश्चिम तराई गरिबी निवारण आयोजना र पश्चिम उच्च पहाडी क्षेत्र गरिबी निवारण आयोजनाहरुबाट त्यस क्षेत्रका अति विपन्न ग्रामीण जनताको आयस्तरमा वृद्धि भएको छ ।
- विकेन्द्रीकरण तथा स्थानीय स्वशासन पद्दतिलाई संस्थागत गरी सेवा प्रवाहमा जनताको अर्थपूर्ण सहभागिता जुटाउने प्रयास भए तापनि जारी द्वन्द्व र निर्वाचित जनप्रतिनिधिविहिनताले उल्लेख्य प्रगति हासिल हुन सकेको छैन ।

# स्थिति

## समावेशी विकास

- समावेशी विकासको स्थिति सन्तोषजनक छैन — दलित जनसंख्यामध्ये ४६ प्रतिशत, पहाडी जनजातिमध्ये ४४ प्रतिशत र मुस्लिम समुदाय मध्ये ४१ प्रतिशत गरिबीको रेखामुनि रहेको छ ।
- छुवाछुत तथा जातीय विभेदको अन्त्य एवं दलित तथा आदिवासी जनजातिको सशक्तीकरण तथा मूलप्रवाहीकरणका लागि विभिन्न नीतिगत तथा संस्थागत प्रयासहरु भएका छन् ।
- कर्णालीलगायत पिछडिएका क्षेत्र र दुर्गम पहाडी जिल्लाहरुलाई लक्षित गरेर सञ्चालन गरिएका कार्यक्रमबाट सो क्षेत्रका बासिन्दालाई सीमित रुपमा मात्र लाभ पुगेको छ ।

# स्थिति

## समावेशी विकास

- निजामती सेवामा दलित, आदिवासी जनजाति र मधेशीको सहभागिता अत्यन्तै न्यून छ ।
- आदिवासी जनजातिहरुको संस्कृति र भाषाहरुको संरक्षण र सम्बर्द्धनमा ठोस काम हुन सकेका छैनन् ।
- समावेशी राजनैतिक वातावरण बन्न थालेता पनि राज्यको विभिन्न अङ्गमा समावेश गराउने विधि, प्रक्रियाको व्यवस्थापन गम्भीर चुनौतीका रुपमा रहेको छ ।

# स्थिति

## सुशासन

- द्वन्द, राजनैतिक अस्थिरता, जनताप्रति अनुत्तरदायी राज्य संयन्त्रको कारण जनतामा राज्यको उपस्थितिको अनुभूति न्यून रह्यो ।

- ऐतिहासिक जनआन्दोलनको सफलता, प्रतिनिधि सभाको घोषणा, अन्तरिम संविधानको व्यवस्था र अन्तरिम सरकारको न्यूनतम साझा कार्यक्रम जारी भएपश्चात् समावेशी, सहभागितामूलक विकासका लागि राज्यको पुन:संरचना र तदनुरुपको सुशासनको आवश्यकता टड्कारो देखिएकोछ ।

- विकास तथा सेवा वितरण प्रक्रियामा सहभागिता, पारदर्शिता र जवाफदेहिताका माध्यमबाट सुशासन अभिवृद्धि गर्न उपभोक्ता हित सम्बन्धी कानुन, आचार संहिता, सेवा वडापत्रहरु जारी भइ सेवा प्रवाहमा हुने ढिलासुस्तीमा कमी आएको छ ।

- नागरिक समाज र सञ्चारजगतको अनुगमनकारी भूमिका अभिवृद्धि भई जनसरोकारका मुद्दाहरु सार्वजनिक भई सुधारोन्मुख रहेका छन् ।

# मानव अधिकार

## स्थिति

- मानव अधिकारको स्थिति सन्तोषजनक छैन ।
- जातजाति, लिङ्ग, क्षेत्र, भाषा, धर्म र सम्प्रदायका आधारमा हुने विभेद, शोषण, हिंसा र दुर्व्यवहार अन्त भएको छैन । द्वन्द्वको अवस्थामा यो स्थिति अझै नाजुक रह्यो ।
- संस्थागत व्यवस्था: राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जस्ता संस्थाहरूको स्थापना भएको छ ।
- मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्य योजना तयार भई कार्यान्वयनमा रहेको छ । धेरै विभेदकारी नीति तथा कानुनहरूमा परिमार्जन गरिएको छ ।
- गैर सरकारी क्षेत्रमा मानव अधिकारको स्थितिको निगरानी गर्ने, सचेतना कार्यक्रमहरू संचालन गर्ने, कानुनी परामर्श तथा सहायता प्रदान गर्ने, पक्षपोषण, मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान र सूचनाहरू प्रचार प्रसार गर्ने थुप्रै संस्थाहरू सक्रिय रहेको भएता पनि तिनमा समन्वयको कमी रहेको छ ।

# नीतिहरु

## स्थानीय विकास र विकेन्द्रीकरण

- महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, विपन्न वर्ग एवं पिछडिएको क्षेत्रको उत्थानका लागि ग्रामीण एवं शहरी क्षेत्रमा सामाजिक सशक्तीकरण एवं पूर्वाधार तथा आय आर्जनका क्रियाकलापहरु सञ्चालन गरी ग्रामीण एवं शहरी गरिबी न्यूनीकरणमा सहयोग पुचाइनेछ ।
- स्थानीय स्तरमा उपलव्ध हुन सक्ने श्रोत, साधन, सीप र प्रविधिको अधिकतम रुपमा परिचालन गरी स्थानीय आवश्यकता पूर्ति गर्ने खालका विकास कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय विकासले समेटने सवै विषयगत क्षेत्रहरुमा क्षमता अभिवृद्धि सम्बन्धी मानव श्रोत विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

# नीतिहरु

## स्थानीय विकास र विकेन्द्रीकरण

- स्थानीय पूर्वाधारको विकास र व्यवस्थापनका लागि आवश्यक रणनीतिक कार्ययोजना तर्जुमा गरी वातावरण मैत्री, सहभागितात्मक र स्थानीय स्रोतमा आधारित निर्माण तथा संभार प्रणाली अवलम्बन गरिनेछ ।

- नगरक्षेत्र तथा नगरोन्मुख क्षेत्रमा फोहर व्यवस्थापनका लागि सम्बन्धित नगरपालिकाको लागत साझेदारीमा स्यानीटरी ल्याण्डफिल साइट निर्माण तथा सञ्चालन गरिनेछ ।

- विकेन्द्रीकरण र निक्षेपणलाई राज्य संचालनको मूल नीति र स्थानीय सरकार प्रवर्द्धन गर्ने प्रमुख माध्यमको रुपमा अवलम्बन गर्न सबै सरकारी र गैरसरकारी निकायहरुलाई जिम्मेवार वनाइनेछ ।

- स्थानीय निकायबीच राजश्व परिचालन र बाँडफाँड गर्दा संतुलित र समतामुखी विकास हुने गरी सामाजिक तथा आर्थिक दृष्टिकोणवाट पिछडिएका क्षेत्र, वर्ग तथा समुदायको समग्र उत्थानका लागि विशेष ध्यान दिइनेछ ।

# नीतिहरु

## स्थानीय विकास र विकेन्द्रीकरण

- केन्द्रीय तथा स्थानीय निकायहरुको कार्य जिम्मेवारी स्पष्ट पार्ने, कार्य जिम्मेवारी अनुरुप हुने गरी वित्तीय व्यवस्था मिलाउने र सुम्पिएका कार्य गर्न सक्ने गरी आवश्यक पर्ने संयन्त्र हस्तान्तरण गर्ने गरी निक्षेपण कार्यान्वयन कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ ।

- स्थानीय निकायहरुको संख्या, प्रतिनिधित्व र आकारका आधारमा पुनःसंरचना गरी ती निकायहरुलाई स्थानीय सरकारको रुपमा संचालन गर्न सक्षम इकाईको रुपमा विकास गरिनेछ ।

- स्थानीय निकायहरुलाई दिइने अनुदानलाई न्यूनतम शर्त र कार्यसम्पादन मापनमा आवद्ध गरिनेछ ।

- स्थानीय निकायमा जाने एकमुष्ट अनुदान र केन्द्रवाट स्थानीय स्तरमा जाने विषयगत अनुदानलाई वैज्ञानिक आधारमा सुत्रमा आवद्ध गरिनेछ ।

# नीतिहरु

## समावेशी विकास

- सामाजिक समावेशीकरणलाई प्रभावकारी बनाउनका लागि दुई किसिमबाट प्रयास गरिने छ :

(क) वञ्चित समूहको सशक्तीकरण

(ख) समावेशीकरण

- सामाजिक समावेशीकरणसँग सम्बन्धित तीनवटा आयामः (१) स्रोत, सेवा र अवसरमा पहुँच, (२) सशक्तीकरण, अस्तित्ववोध र क्षमतामा वृद्धि, र (३) नीति नियम र मूल्य मान्यतामा परिवर्तनको आधारमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

- सामाजिक समावेशीकरणको लागि नीतिगत तथा कानुनी वातावरणको सिर्जना गरिनेछ ।

# नीतिहरु

## समावेशी विकास

- नीति निर्माण, कार्यक्रम तर्जुमा एवं कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियाहरुमा बञ्चितीमा पारिएका जाति, समूह वा समुदायहरुको अर्थपूर्ण सहभागिता गराइनेछ ।
- वञ्चितीमा पारिएका जाति, समूह वा समुदायहरुको लागि कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यी समुदायभित्र पनि सवैभन्दा पछाडि पारिएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- वञ्चितीमा पारिएका समूह वा समुदायहरुको आर्थिक सामाजिक सुरक्षाको लागि शिक्षा, स्वास्थ्य, सहभागिता, क्षमता विकास, सेवा प्रदान, सरकारी सेवा लगायतका क्षेत्रमा सकारात्मक विभेद वा आरक्षणको नीति अवलम्बन गरिनेछ ।

# नीतिहरु

## समावेशी विकास

- उपेक्षित अवस्थामा रहेका भाषा, साहित्य, कला, परम्परागत ज्ञान, सीप र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकास गरी राष्ट्रिय पहिचानको सुदृढीकरण गरिनेछ ।
- स्वास्थ्य तथा शिक्षालगायतका सामाजिक एवं आर्थिक पक्षका आधारमा कतिपय व्यक्ति तथा समुदाय मानवीयताका हिसावले अस्वीकार्य (Unacceptables) अवस्थाको जीवन बाँचिरहेकाले त्यसको सुधारको लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- कर्णाली अञ्चल र आर्थिक सामाजिक तथा गरिबीको दृष्टिकोणले अत्यन्त पिछडिएका क्षेत्रमा नमूना लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
- क्षेत्रीय विकास रणनीति अध्ययनको सुझावअनुसार यी क्षेत्रहरुको विकासको लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

# नीतिहरु

## समावेशी विकास

- महिला, दलित, मधेशी, आदिवासी जनजाति, अपाङ्ग, श्रमिकसँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्नका लागि सो सम्बन्धी आयोग तथा समितिहरु गठन गरी तिनका अधिकार र कार्यक्षेत्रहरु सुनिश्चित गरिनेछ ।
- भू-सूचना प्रणालीको आधारमा व्यवस्थित लगानी गरिनेछ ।
- प्राविधिक र व्यावसायिक शिक्षामा महिला, दलित, आदिवासी जनजाति तथा वन्चितीकरण परेका समुदाय एवं विपन्न वर्गको पहुँच बढाइनेछ ।
- पिछडिएका क्षेत्र र जनताको समानुपातिक विकासको अवधारणा अनुरुप विकास आयोजनाहरुको सञ्चालनमा जोड दिइनेछ ।
- देशको समष्टिगत आर्थिक फ्रेमवर्कलाई समावेशी बनाइनेछ ।

# क्षेत्रीय एवं सन्तुलित विकास

*नीतिहरू*

- स्रोतको विनियोजन गर्दा आर्थिक एवं पूर्वाधार विकासका दृष्टिले पछि परेका क्षेत्रहरूमा विशेष प्राथमिकता दिइनेछ ।
- विद्यमान व्यापारको परिमाण, बजार व्यवस्थापन, पूर्वाधार विकासको स्थिति र सामाजिक बनोटका आधारमा खास आर्थिक क्षेत्रहरू विकास गर्दै लगिनेछ । यसरी निर्माण हुने आर्थिक क्षेत्रहरूलाई सडक, सञ्चारलगायतका पूर्वाधार सञ्जालमा आवद्ध गर्दै लगिनेछ ।
- क्षेत्रगत नीति तर्जुमा गर्दा क्षेत्रगत तुलनात्मक लाभ एवं स्थानीय प्रतिस्पर्धात्मक क्षमताको आधारमा स्थानीय स्रोत, सीप उपयोग तथा उत्पादन प्रणाली विकास गर्न जोड दिइनेछ ।
- विभिन्न भौगोलिक क्षेत्रहरू, शहर र ग्रामीण क्षेत्रहरू जोडन सम्पन्न भएका एवं निर्माणाधीन सडक आसपासका क्षेत्रका वस्ती विकासका लागि पूर्वाधारहरू निर्माण गरी आर्थिक क्रियाकलाप बढाउने नीति लिइनेछ ।

# नीतिहरु

## सुशासन

- कार्य सम्पादनमा आधारित प्रशासन संस्कृतिको विकास गर्दै सार्वजनिक कर्मचारीहरुको कार्य सम्पादनको स्तरलाई अधिकतम विन्दुमा पुऱ्याउने व्यवस्थापन शैली अवलम्बन गरिनेछ ।
- निजामती सेवामा सूचना र सञ्चार प्रविधिको प्रयोगलाई व्यापक तुल्याइनेछ ।
- रणनीतिक सूचनाको माध्यमबाट शासकीय सुधारलाई गति दिइनेछ ।
- भ्रष्टाचार निवारणका लागि निरोधात्मक तथा उपचारात्मक दुवै रणनीति अवलम्बन गरिनेछ । साथै दक्षता, क्षमता र समता विपरित ध्रुव नभई एक अर्काका परिपूरक हुन् भन्ने मान्यता प्रतिस्थापन गरिनेछ ।

# नीतिहरु

## सुशासन

- न्यायलाई सुलभ र पारदर्शी प्रकृयाको बनाउन न्यानिक तथा अर्ध न्यायिक संस्थाहरुको क्षमता, स्वतन्त्रता र मर्यादामा अभिवृद्धि गरिनेछ ।

- राज्यको प्रशासनिक संरचनामा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग र पिछडिएका वर्ग र क्षेत्रका प्रभावकारी सहभागिताका लागि सकारात्मक विभेदको नीति अवलम्बन गरिनुका साथै उनीहरुको क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

- उपयुक्त नीति तथा कानुनद्वारा सेवा प्रवाहमा हुने ढिलासुस्ती र भ्रष्टाचार रोकिने छ र यसका लागि नागरिक अनुगमन प्रणालीलाई परिणाममुखी ढङ्गबाट सक्रिय र संस्थागत बनाइनेछ ।

- गुणस्तरीय सेवा पाउने कुरा सेवाग्राहीको अधिकारको रुपमा स्थापित गरिनेछ ।

# धन्यवाद